# राजविराज नगरपालिका

# आर्थिक विधेयक, २०७६

नगर सभामा पेश भएको मिति : २७।३।२०७६

सप्तरी, प्रदेश नं. २

नेपाल

# आर्थिक ऐन, २०७६

**प्रस्तावना:** राजविराज नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम तेश्रो नगर सभाले यो ऐन पारित गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम ***राजविराज नगर कार्यपालिकाको आर्थिक ऐन,२०७६*** रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि राजविराजनगरपलिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः राजविराज** नगरपालिका क्षेत्रभित्र **अनुसूचि १** बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत): राजविराज** नगरपालिका क्षेत्रभित्र **अनुसूचि २** बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः राजविराज** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै/आंशिक तवरले वहालमा दिएकोमा **अनुसूचि ३**बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः राजविराज** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूचि** ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः राजविराज** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूचि ५** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः राजविराज** नगरपालिका क्षेत्रभित्र दर्ता भएका टांगा, रिक्शा, अटोरिक्शा, इ रिक्शा,सवारी साधनहरुको **अनुसूचि ६** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः राजविराज** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूचि ७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः राजविराज** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा **अनुसूचि ८** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः राजविराज** नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको प्रयोग वापत बाहाल विटौरी शुल्क **अनुसूचि ९** बमजिम लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः राजविराज** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूचि १०** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः राजविराज** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत **अनुसूचि ११**बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः राजविराज** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका **अनूसूचि १२** मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः राजविराज** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट **अनुसूची १३** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **बजार सरसफाइ व्यवस्थापन सहयोग शुल्क: राजविराज** नगरपालिकाको शहरी क्षेत्रमा संचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको संचालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको संविधानको अनुसूची ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको **अनुसुची १४** मा उल्लेखित दरमा बजार सरसफाइ व्यवस्थापन सहयोग शुल्क लगाउन सक्नेछ ।

१६. **कर छुटः** (१) उपदफा (२) र (३) मा उल्लेख गरेके बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

(२)राजविराज गरक्षेत्रमा उद्योग, व्यापार, व्यवासाय, पेशा, संचालन गर्ने ले प्रत्येक चालु आ.व. को असोज मसान्त भित्र आ-आफनो व्यवसाय, पेशा को व्यवसाय प्रमाण पत्र नविकरण गरी सक्नु पर्ने छ। सो अवधी भित्र नवकिरण गर्ने लाई कर रकम मा १० प्रतिशत छुट दिइनेछ। सो समयावधि पश्चात चैत्र मसान्त सम्म व्यवसाय प्रमाण पत्र नविकरण गर्दा तोकिएको वार्षिक कर तिरी नविकरण गर्नु पर्ने छ। चैत्र मसान्त पछि असार मसान्त सम्म व्यवसाय प्रमाण पत्र नविकरण गर्दा १० प्रतिशत जरविाना लिइने छ। अर्को आर्थिक वर्ष देखी प्रति वर्ष व्यवसाय प्रमाण पत्र नविकरण गर्दा १०० प्रतिशत जरविाना लिइने छ।

(३) ठेक्का बन्दोवस्त गर्दा स्वीकृत बोल कवोल अंकको रकम एक मुष्टजम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

१८. **कर उठाउने अधिकार :** यो ऐन बमोजिम कर, मालपोत, शुल्क, दस्तुर (आन्तरिक राजश्व) उठाउने कर्मचारीको अधिकार क्षेत्र प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिम हुनेछ ।

१९. **प्रकृया सरलीकरणा तथा बाधा अडकाउ फुकुवा गर्न सक्ने :** यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति, व्यवस्था वा अवागमनमा खलल, वा अवरोध हुन जाने संभावना वा विपद कारणले कुनै जटिलता देखिएमा नगर कार्यपालिकाले अवश्यक्तानुसार लगाइएको दस्तुर, शुल्क वा करको दर घटाउन, बढाउन वा पूर्ण वा आंशिक रूपमा छुट दिन वा अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको कुनै बाधा फुकाउन सक्नेछ ।

## भाग २

## अनुसूची १
### एकिकृत/सम्पति कर/घर जग्गा करका क्षेत्र र दरहरु :

नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने एकीकृत सम्पत्ति करको दर
करयोग्य एकीकृत सम्पत्तिको मूल्य दर (वार्षिक)

१. घर-जग्गा कर:- घरजग्गाको मूल्य करको दर

| | |
|---|---|
| पहिलो रू. १०लाखसम्ममा कर नलाग्ने | |
| त्यसपछिको रू. १० लाखसम्ममा | रू. ३००।- एकमुष्ठ |
| त्यसपछिको रू. ३० लाखसम्ममा | ०.०५ प्रतिशत |
| त्यसपछिको रू. ५० लाखसम्ममा | ०.२५ प्रतिशत |
| त्यसपछिको रू. १ करोडसम्ममा | ०.५० प्रतिशत |
| त्यसपछिको बाँकी रकममा | १.५० प्रतिशत |

२. घरजग्गाको मूल्याङ्कन गर्ने तरिका

(१) घरजग्गामा कर लाग्ने क्षेत्रहरूको लागि घरको बनोटको वर्गीकरण र मूल्याङ्कन देहाय वमोजिम हुनेछः-

(क) घरको बनोटको वर्गीकरण:

(१) भित्र काँचो बाहिर ईटमा माटोको जोडाई भएका सबै किसिमका घर र काठैकाठबाट बनेका घर ।

(२) भित्र बाहिर पाको ईट वा ढुंगामा माटोको जोडाई भएका सबै किसिमका घर ।

(३) भित्रबाहिर पाको ईटमा सिमेण्ट वा वज्रको जोडाई भएका सबै किसिमका घर ।

(४) आर.सि.सि. फ्रेम स्ट्रक्चरबाट बनेका घर ।

(ख) घरको मूल्याङ्कन

| | घरको बनोट | औषत लागत दर प्रति वर्गफुट | प्रति वर्ष टुटफुट कट्टी दर प्रतिशत | कटी गर्ने जम्मा वर्ष |
|---|---|---|---|---|
| क | प्रकरण २(१)(क)(१) बमोजिमको घर | रु ४५०।- | ३.०० | २५ |
| ख | प्रकरण २(१)(क)(२) बमोजिमको घर | रु ५२५।- | २.०० | ३० |
| ग | प्रकरण २(१)(क)(३) बमोजिमको घर | रू. ५७५।- | १.०० | ७० |
| घ | प्रकरण २(१)(क)(४) बमोजिमको घर | रू. ६३५।- | ०.७५ | १०० |

(ग) काचो ईट वा माटोको गारो वा वाँस वा काठको टाटी भै फुस, छ्वाली, खर, पराल र साधारण टीनको छाना भएको घरको मूल्याङ्कन गरिने छैन ।

(घ) सिनेमाहलहरूको भवनको अघिल्लो भाग (मुख्य अडिटोरियम) को मूल्याङ्कन गर्दा माथि उल्लेखित दरमा २५ प्रतिशत छुट दिई मूल्याङ्कन गरिनेछ ।

(२) घरजग्गा कर लाग्ने क्षेत्रहरूको जग्गाको मूल्यांकन गर्दा सोको प्रयोजनको निमित्त गठित स्थानीय समितिले तोके बमोजिम हुनेछ । यसरी नतोकिएको हदमा रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालयले तोकेको दरबमोजिम जग्गाको मूल्यांकन गरिनेछ ।

## अनुसूची २
## भुमि कर (मालपोत) कर :

साविक गा.वि.स हाल राजविराज नगरपालिका(वा.नं. ९,१०,११,१२,१३,१४,१५, १६ र बोरिया १,२ र ३) क्षेत्रभित्र आएका हरुलाई मालपोत प्रति कठा रु १० (दश) लिने र साविक नगरपालिका (वा नं. १ देखि ८) क्षेत्रभित्र रु २५ प्रति कठा लिने र जरिवाना देहाय बमोजिम असुल गर्ने ।

क) पहिलो बर्ष १० प्रतिशत

ख) दोश्रो बर्षदेखि १० प्रतिशत विन्दुका दरले प्रत्येक आर्थिक बर्षको थप हुनेछ ।

## अनुसूची ३
## घर जग्गा बहाल करका क्षेत्र र दरहरु :

नगर क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको रकमको १० प्रतिशत घर बहाल कर कट्टा गरी असुल गरिने छ ।

## अनुसूची ४
## व्यवसाय करका क्षेत्र र दरहरु :

**व्यवसाय कर**

| क्र.स. | व्यवसायको नाम | क श्रेणी रकम रु. | ख श्रेणी रकम रु. | ग श्रेणी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | किराना पसल | १६५०। | १३७५। | ६७८। | थोक विकेता रु २०६३। |
| | **डिलर तथा थोक विक्रेता** | | | | |
| | दाल चामल, खुदी, खरिद विक्रि पसल | १६५०। | १३७५। | १०३२। | |
| | चिउरा भुजा विक्रि पसल | १६५०। | १३७५। | १०३२। | |
| | चलचित्रको रिल वितरक(डिष्टीव्युटर्स) | १३७५। | १२३८। | ११००। | |
| | पिउने पानी(प्युरिफयर) वितरण पसल कोक, पेप्सी डिलर | १६५०। | १३७५। | १०३२। | |
| | अचार पाउ गुतपाक जस्ता पसल | ६८८। | ५५०। | ४९५। | |
| | चियापति विक्रि सो रुम | ९६३। | ८२५। | ६८८। | |
| | सख्खर(गुण) पसल | ६८८। | ५५०। | ४९५। | |
| | (क) विष्कुट तथा चक्लेट खुद्रा | ५५०। | | | |
| | १. डिलर (प्रति डिलर) | १३७५। | ६८८। | | |
| | २. थोक विक्रेता | ५५०। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ख) तेल, घिउ, आँटा, सुजि, चिनि खुद्रा | ९६३। | | | |
| | १. डिलर (प्रति डिलर) | १३७५। | | | |
| | २. थोक विक्रेता | ९६३। | | | |
| | (ग) साल्ट ट्रेडिङ् डिलर | १०३२। | | | |
| | (घ) कृषि सामाग्री संस्थानको डिलर | ६८८। | | | |
| | (ङ) चुरोटको डिलर (प्रतिडिलर) | १००००। | | | थोक विक्रेतालाई रु ११०००। |
| | (च) विडि, चाउचाउ, चिप्स आदिको डिलर | ३०००। | | | थोकलाई रु ५०००। |
| २. | काटा राखी खरिद विक्री गर्ने गल्ला पसल | १३७५। | १०३२। | ६८७। | |
| ३. | फलफुल पसल | १३७५। | ९६३। | ६८८। | थोक विक्रेता रु २०६३। |
| ४. | तरकारी पसल | ९६३। | | | थोक डिलर रु १३७५। |
| ५. | (क) पसल खोली सुगुर, रागा को मासु विक्री गर्ने | ४१२५। | २७५०। | | |
| ६. | अण्डा पसल | ८२५। | ५५०। | | |
| ७. | होटलहरु | | | | |
| | (क) रिसोर्ट | १००००। | ५०००। | | |
| | (ख) रेष्टुरेन्ट एण्ड वार | ५०००। | ४०००। | ३०००। | |
| | (ग) रेष्टुरेण्ट | ३०००। | २२००। | २०००। | |
| | (घ) तारे होटल | | | | |
| | १. एकतारे | ४१२५। | | | |
| | २. दुइतारे | ५५००। | | | |
| | ३. तिनतारे | ८२५०। | | | |
| | ४. चारतारे | ११०००। | | | |
| | ५. पाँचतारे | १३७५०। | | | |
| | ६. होटल र लज | ११०००। | | | |
| ८. | मदिरा समेत विक्री गर्ने होटलहरु | ५०००। | ३५००। | २०००। | |
| ९. | मदिरा रहित भोजनालय मिठाई पसल आदि | १३७५। | ११००। | ९६३। | |
| | १. साना चिया पसल -चल्ती ठाउँ | ५५०। | | | |
| १०. | चिसो हल्का पेय पदार्थ तथा मदिरा बिक्री पसल | ३५००। | २५००। | २०००। | |
| | डिलरहरु | | | | |
| | १. हल्का पेय पदार्थ तर्फ | २०६३। | १३७५। | | |
| | २. मदिरा तर्फ | ५०००। | ३५००। | | |
| | थोक बिक्रेता तर्फ | | | | |
| | १. हल्का पेय पदार्थ तर्फ | ११००। | ९६३। | | |
| | २. मदिरा तर्फ | ५०००। | ३५००। | | |
| ११ | लजहरु | | | | |
| | (क) पन्ध्र शैया भन्दा माथिलाई | ५०००। | | | |
| | (ख) पन्ध्र शैया सम्मलाई | ३०००। | | | |
| | (ग) दश शैया सम्मलाई | २०००। | | | |
| | (घ) सात शैया सम्मलाई | १५००। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | कपडा पसल | १६५०। | १३७५। | ११००। | थोक बिक्रेता रु. २७५०। |
| १३ | रेडिमेड कपडा पसल | १६५०। | १३७५। | ६८८। | थोक बिक्रेतालाई रु. २०६३। |
| १४ | भाडा वर्तन पसल | १३७५। | ९६३। | ६८८। | डिलर थोक रु. २०६३। |
| १५. | जुत्ता पसल | १३७५। | ९६३। | ६८८। | थोक डिलरलाई रु. २०६३। |
| | क) जुत्ता सिलाई पसल | ४९५। | | | |
| १६. | पान पसलहरु | १२००। | ९००। | ७००। | |
| १७. | श्रृंगार तथा मनिहारी पसल | १३७५। | ९६३। | ७५७। | थोक बिक्रेतालाई रु. १६५०। |
| १८. | उपहार (गिफ्ट) का सामान बेच्ने पसल | १३७५। | ९६३। | ६८८। | थोक बिक्रेतालाई रु. १६५०। |
| १९. | औषधि पसलहरु | १५००। | ११००।। | | थोक बिक्रेतालाई रु. ३५००। |
| २० | होमियो प्याथीक/आयुर्वेदिक/भेटेरीनरी | १३७५। | ९६३। | | डिलरलाई रु. २०००। |
| २१ | डिलरलाई | २०६३। | | | |
| २२ | आँखा क्लिनिक सहितको चश्मा पसल | १३७५। | १२३८। | ११००। | |
| २३ | दन्त हस्पिटल | ७०००। | ५०००। | | |
| २४ | दन्त सेवा क्लिनीक | ३०००। | २०००। | | |
| २५ | १. स्वास्थ्य सेवा | | | | |
| | (क) नर्सिङ्गहोम | ११००० | ८५००। | | |
| | (ख) विशेषज्ञ | २५००। | | | |
| | (ग) एम.वि.वि.एस. | ११००। | | | |
| | (घ) हेल्थ असिस्टेन्ट | ६८८। | | | |
| | (ङ) सि.एम.ए./कविराज/नर्सिङ्ग सेवा | ६८८। | | | |
| | (च) एक्सरे क्लिनिक | ११००। | | | |
| | (छ) प्रयोगशाला (ल्याव) | २५००। | | | |
| | (ज) भेटेरीनरी चिकित्सक | ६८८। | | | |
| | (झ) चश्मा बनाउने | ६८८। | | | |
| | (ञ) प्राकृतिक चिकित्सा अक्यूपंचर | ६८८। | | | |
| २६ | पुस्तक तथा पत्रिका सटेशनरी | १३७५। | ११००। | ६८८। | डिलर थोक विक्रेतालाई रु २०६३। |
| २७ | फर्निचर पसल तथा सो रुम | | | | |
| | (क) स्टिल फर्निचर डिलर सहितको सोरुम | ५०००। | ३५००। | | |
| | (ख) स्टिल फर्निचर पसललाई | ३१००। | २०००। | | |
| | (ग) काठाका फर्निचर पसललाई ( सो रुम सहित) | ३५००। | २१००। | | |
| | (घ) फर्निचर उद्योग स्टिलको | ५०००। | ३५००। | | |
| | (ङ) काठको फर्निचरको उद्योग | २०६३। | १६५०। | | |
| | (च) बेतबास फर्निचर उद्योग | १३७५। | ९६३। | | |
| २८ | फोटो स्टुडियो | | | | |
| | (क) कलर ल्याव | २७५०। | २०६३। | | |
| | (ख) फोटो स्टुडियो | ९६३। | ८२५। | | अन्य पनि भए थप रु २२०। लाग्ने छ। |
| २९. | कपडा धुलाई तथा रङ्गाई | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (क) ड्राई क्लिनर्स | ९६३। | ६८८। | | |
| | (ख) साधारण लुगा धुने तथा रंगाउने | ५५०। | | | |
| ३० | सुन चांदी पसल | | | | |
| | (क) सुन चाँदी खरीद विक्री थोक सहित गहना बनाउने | ७०००। | ५५००। | | |
| | (ख) सुन चाँदी गहना बनाउने | ४०००। | २०००। | | |
| | पशु पंक्षी आहार बिक्री पसल | ९६३। | ८२५। | | थोक विक्रेता रु १३७५। |
| ३१. | शैलुन तथा व्युटी पार्लर | | | | |
| | (क) शैलुन (८ सिट भन्दा माथी) | ९६३। | | | ए.सिं भएकालाई रु १३७५। |
| | (ख) शैलुन ८ सिट सम्म | ८२५। | | | |
| | (ग) शैलुन ६ सिट सम्म | ६८८। | | | |
| . | (घ) केवल नेटवर्क | २७५००। | १३७५०। | ६८७५। | |
| . | (ङ) व्युटी पार्लर तर्फ | ९६३। | ६८८। | | ए.सिं भएकालाई रु १३७५। |
| ३२ | (क) टेलरिंग पसलको प्रति मेसिनलाई | ५००। | २५०। | २००। | |
| | (ख) सिलाई मेसिन विक्री पसल | १६५०। | ११००। | | डिलरलाई रु २०६३। |
| ३३. | दुग्ध उत्पादन तथा वितरण पसल | ८२५। | ६८८। | | |
| ३४. | कुखुरा पालन | | | | |
| | (क) १ हजार भन्दा माथि कुखुरा पाल्ने लाई | १६३५। | ११००। | ९६३। | |
| ३५ | साईन बोर्ड बनाउने तथा आर्ट पसल | ६८८। | ५५०। | | |
| ३६ | इलेक्ट्रोनिक्स सामान बिक्री पसल | ५१००। | २५००। | २०००। | |
| | (क) इलेक्ट्रोनिक्स पार्ट पुर्जा पसल | ५१००। | २५००। | | |
| ३७. | निजी नर्सरी | ८२५। | ६८८। | | |
| ३८. | घडी, रेडियो, बिक्री पसल | १६५०। | १३७५। | ११००। | |
| ३९. | शिसाका सामान बेच्ने ग्लास हाउस | २५००। | १५००। | | थोक डिलरलाई रु ५०००। |
| ४०. | इन्धन विक्रेता -पम्प वा खुल्ला) | | | | |
| | (क) मट्टी तेल, पेट्रोल, डिजेल समेतको ३ पम्पलाई | १५०००। | | | |
| | (ख) २ पम्प भएकोलाई | ७५००। | | | |
| | (ग) १ पम्प भएकालाई | ५०००। | | | |
| | (घ) ड्राममा राखि खुल्ला विक्री गर्नेलाई | २०००। | | | |
| | (ङ) लुब्रिकेशन पसललाई | १३७५। | | | पम्पमा लुब्रिकेशन विक्री हुने भए रु ३३०। लिइने छ। |
| | (च) मट्टीतेल डिलर | १३७५। | | | |
| ४१ | निर्माण सामाग्री बिक्री पसल | | | | |
| | क) हार्डवेय, सिमेण्ट खुद्रा | ७०००। | ५०००। | ४०००। | |
| | ख) हाड्रवेयर सहित सिमेन्ट डिलर | ५०००। | ३५००। | २०००। | |
| ४२ | सिमेन्ट बिक्री | | | | |
| | (क) डिलरको लागि प्रतिडिलर | २०००। | | | |
| ४३. | बिजुलीका सामाग्री विक्री पसल | ३१००। | २१००। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४. | रंग रोगन सम्बन्धी डिलर | ३५००। | १७००। | | |
| ४५ | मोटर पार्टस मिल मेसिनरी पसल | २७५०। | २०६३। | १३७५। | |
| ४६. | साइकल तथा पार्टस बिक्री पसल | २०६३। | १३५०। | १३७५। | |
| ४७. | ग्याँस बिक्री गर्ने पसल | | | | |
| | (क) ग्याँसको डिलर | २०६३। | | | |
| ४८. | डिपार्टमेन्टल स्टोर | ९६२५। | ६८७५। | २७५०। | |
| ४९. | अडियो भिडियो क्यासेट भाडा पसल | ६८८। | ५५०। | ४९५। | |
| ५०. | ट्राभल एजेन्सी | १३७५। | ९६३। | | |
| ५१. | कुचो, चित्रा, नाङ्ला, माटाका भाँडा पसल | ५५०। | ५२५। | | |
| ५२ | टायर डिलर | ४१००। | | | |
| ५३ | साईकल, रिक्सा, थोक विक्रेता प्रति आइटम | २०६३। | १३७५। | ९६३। | |
| ५४ | कम्प्युटर, फ्याक्स, टि.भी. रेडियो, क्यासेट फोटोकपी, एम्प्लीफायर आदी इलेक्ट्रोनिक्स सामानका डिलर प्रतिडिलर | ७५००। | | | |
| ५५ | पंखा, फ्रीज वासिंग मेसिन, इलेक्ट्रीक पसल तथा पानी तान्ने मेटर थोक प्रति आइटम | ६५००। | | | |
| ५६. | अन्य थोक विक्रेता | | | | |
| | १. सुर्ती थोक विक्रेता | १६५०। | | | |
| | २. कपास थोक विक्रेता | २७५०। | | | |
| | ३. कोइला थोक विक्रेता | २७५०। | | | |
| | ४. बाँस थोक विक्रेता | १६५०। | ११००। | | |
| | ५. तरकारी थोक डिलर | १३७५ | ११००। | ८२५। | |
| ५७. | सिनेमा हल | | | | |
| | (क) ८५० सिट भन्दा माथि | ८०००। | | | |
| | (ख) ८५० सिट सम्म | ७०००। | | | |
| | (ग) ५०० सिट सम्म | ६५००। | | | |
| ५८. | जादु, सर्कस, खेल तमासा | २०६३। | १३७५। | ११००। | |
| ५९ | अस्थायी मेला कार्यक्रम दैनिक | ६८८। | | | |
| | १. दैनिक प्रति स्टलको | ३५। | २०। | १४। | |
| | २. टिकटमा देखाइने नाटक साँस्कुतीकार्यक्रम आदी (दैनिक टिकट दरको आधारमा) | ११००। | ८२५। | ५५०। | |
| ६०. | ब्रास बैण्ड पार्टी | ६८८। | ५५०। | ४१५। | |
| ६१. | अन्य सेवा तथा व्यवसाय | | | | |
| | १. निर्मण व्यवसायी (ठेकेदारी) | ७१००। | ४३००। | ३०००। | ३०००। |
| | २. निर्मण सम्बन्धी परामर्स (क्नसल्टेन्सी) सेवा | २५००। | ११००। | | |
| | ३. कानुनी सेवा | | | | |
| | (क) बरीष्ठ अधिवक्ता | ६८८। | | | |
| | (ख) अधिवक्ता | ५५०। | | | |
| | (ग) अभिवक्ता | ४९५। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (घ) अभिकर्ता | ४९५। | | | |
| | (ङ) लेखापढी व्यवसायी | ४९५। | | | |
| | (च) १ भन्दा बढी कानुनी व्यवसायी संलग्न भएको ल फर्म वा कानुनी सेवा केन्द्र | ९६३। | | | |
| | ४. निजि वित्तिय संस्थाहरु | | | | |
| | (क) क ख श्रेणिका सबै वाणिज्य बैंक | २०१००। | | | |
| | (ख) आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | ५५००। | | | |
| | (ग) आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको शाखा कार्यालय | ३१००। | | | |
| | (घ) सहकारी बैंक वा वित्तिय कारोवार गर्ने सहकारी संस्था | २१००। | | | |
| | (ङ) बिमा कम्पनी | ५५००। | | | |
| | (च) कमिसन एजेन्ट आर्थिक कारोवार गर्ने समेत | ३०००। | १५००। | | |
| | (छ) जग्गा खरिद विक्री | ८२५०। | | | |
| | (ज) विदेशी मुद्रा सटही | २७५०। | | | |
| | (झ) ढुवानी सेवा | २०६३। | १३७५। | | |
| | (ञ) कुरियर सेवा | ६८८। | | | |
| | ५. टेलिफोन फ्याक्स व्यवसाय | ६८८। | | | मनि ट्रानसफर भए रु ४५००। |
| | ६. टेण्ट हाउस | २५००। | १५००। | | |
| | ७. कुनैपनि फर्मले मनि ट्रान्सफर संचालन गरेको भएथप | १३७५। | | | |
| | ८. अन्य विविध सेवा | | | | |
| | (क) विज्ञापन एजेन्सी | १३७५। | | | |
| | (ख) टुर अपरेटर | ६८८। | | | |
| | (ग) विविध परामर्श सेवा | ६८८। | | | |
| | (घ) होम डेलिभरी सर्भिस | ६८८। | | | |
| | (ङ) व्यवसायिक रुपमा माइकिंग गर्ने | ६८८। | | | |
| | (च) भिडियो गेम | ६८८। | | | |
| | ९. प्रशिक्षण सेवा | | | | |
| | (क) कम्प्युटर प्रशिक्षण | १३७५। | | | |
| | (ख) भाष प्रशिक्षण | १३७५। | | | |
| | (ग) सिलाई कटाई प्रशिक्षण | ६८८। | | | |
| | (घ) ड्राइभिङ्ग प्रशिक्षण | १३७५ | | | |
| | (ङ) अन्य प्रशिक्षण | १३७५। | ६८८। | | |
| | १० निजी शिक्षण संस्था | | | | |
| | (क) क्याम्पस स्नातक तह वा सो भन्दा मथि | ७५००। | | | |
| | (ख) उच्च मा.वि. | ५५००। | | | |
| | (ग) मा.वि. | ३५००। | | | |
| | (घ) नि.मा.वि. | २१००। | | | |
| | (ङ) प्रा.वि. | ११००। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (च) पुर्व प्रा.वि. | ११००। | | | |
| | (छ) व्यवशायिक प्रशिक्षण केन्द्र | २१००। | | | |
| ६२. | मर्मत सम्भार व्यवसाय | | | | |
| | (क) बस, ट्रक, आदिको बडी विल्डर्स | ४१२५। | २७५०। | १३७५। | |
| | (ख) लेथ तथा ड्रिल मेसिन राखि सवारी मर्मत | १३७५। | | | वेल्डिङ्गमात्र गर्ने लाई रु ६८८। |
| | (ग) बस, ट्रक, ट्याक्टर तथा अन्य साना सवारी मर्मत -ग्यारेज) | २०६३। | १३७५। | | |
| | (घ) मोटर साइकल मर्मत | १३७५। | ८२५। | | पार्टस विक्री समेत भए रु १३७५। |
| | (ङ) टायर रिसोलिङ | | | | |
| | १. कोल्ड रिसोलिङ | १३७५। | | | |
| | २. हिट रिसोलिङ | १३७५। | | | |
| | (च) सवारी साधन रंग रोगन | ११००। | ६८८। | | |
| | (छ) बेल्डिंग र ड्रिल मेसिन भएको वर्कशप | ६८८। | | | |
| | (ज) सवारी साधनको व्याट्री, व्याट्री पार्टस मर्मत चार्ज गर्ने | ९६३। | | | व्याट्री विक्री भए रु १३७५। |
| | (झ) सवारी साधनको व्याट्री मर्मतर चार्जमत्र गर्ने | ६८८। | | | |
| | (ञ) सवारी साधनको सिट हुट बनाउने मर्मत गर्ने | ६८८। | | | |
| | (ट) पुरानो टायर विक्री तथा हावा भर्ने | ५५०। | | | |
| | (ठ) रिक्साको बडी बनाउने मर्मत गर्ने | ५५०। | | | |
| | (ड) साइकल, रिक्सा मर्मत पसल | ५५०। | | | |
| | (ढ) टि.भी., कम्प्युटर, टेलिफोनसेट, पंखा, डेक, रडियो क्याल्कुलेटर, घडी, एम्प्लिफयर, माइक आदि मर्मत पसल | ६८८। | ५५०। | | |
| | (ण) सिलाई बुनाई, मेसिन, ग्यास, चुल्हो, मैन्टोल, स्टोभ लाइट, मर्मत पसल | ५५०। | ५२३। | | |
| | (त) चश्मा बिक्री तथा मर्मत पसल | ६८८। | ५५०। | ४९५। | |
| ६३. | उद्योग | | | | |
| | १. चाउचाउ उद्योग ठुलो | १३७५०। | १२३७५। | ११०००। | |
| | २. चाउचाउ (नुडल्स) का लधु उद्योग | १३७५। | १२४०। | ११००। | |
| | ३. विस्कुट उद्योग | ४१२५। | २७५०। | | |
| | ४. चप्पल उद्योग | ४१२५। | २७५०। | २०६३। | |
| | ५. सलाई उद्योग | ५५००। | ४१२५। | २७५०। | |
| | ६. प्लाइउड उद्योग | ४१२५। | २७५०। | | |
| | ७. कपडा उद्योग | ६८७५। | ५५००। | ४१२५। | |
| | ८. बरफ उद्योग | ९६३। | ६८८। | ४९५। | |
| | ९. कन्फेक्सनरी उद्योग | ६८७५। | ५५००। | ४१२५। | |
| | १०. काष्ठ उद्योग (स-मिल) | | | | |
| | (क) काष्ठ उद्योग ठुला स-मिल | ४९५०। | ३३००। | १६५०। | |
| | (ख) बैण्ड सो मात्र भएको | १३७५। | | | |
| | (ग) ट्रलि बैण्ड सो वाहेक काठ डिपो | १३७५। | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ११. स्टेशनरी वा कपी उद्योग | १३७५। | ९६३। | ६८८। | |
| | १२. छापाखाना (प्रिन्टिंग) | | | | |
| | (क) प्रेस सिलिण्डर, अपसेट मेसिन सहितको | १३७५। | | | |
| | (ख) तिन वटा भन्दा बढी मेसिन भएको | ११००। | | | |
| | (ग) तिन वटा सम्म मेसिन भएको | ६८८। | | | |
| | १३. डिस्ट्रिलरी ब्रुखरी उद्योग | ६८७५। | | | |
| | १४. हल्का पेय -जुस) पदार्थ उद्योग | ५५००। | २७५०। | | |
| | १५. प्लाष्टिक उद्योग | ४१२५। | २७५०। | | |
| | १६. पाउरोटी, केक, पेस्टी, डुनेट उद्योग | १३७५। | ८२५। | | |
| | १७. ग्रील उद्योग | १३७५। | १०३२। | | |
| | १८. गलैचा उद्योग | १३७५। | ९६३। | ६८८। | |
| | १९. गार्मेन्टस उद्योग | १३७५। | ९६३। | ६८८। | |
| | २०. कुटानी पिसानी उद्योग (साना) | १०३२। | ६८८। | ४९५। | |
| | २१. भुजीया उद्योग | १३७५। | ८२५। | | |
| | २२. ईटा तथा टायल उद्योग(भट्टा) | | | | |
| | (क) ईटा उद्योग भट्टा (आधुनिक यन्त्र प्रयोग हुने) | १३०००। | | | |
| | (ख) ईटा उद्योग भट्टा -हातले बनाउने) | ४५००। | | | |
| | (ग) टायल उद्योग भट्टा (आधुनिक यन्त्र प्रयोगहुने | ४१००। | | | |
| | (घ) टायल उद्योग भट्टा (हातले बनाउने) | ११००। | | | |
| | (ङ) मोवाईल विक्रि तथा ममर्त | १३७५। | ११००। | | |
| | २४. पशुपंक्षी आहार उद्योग | २०६३। | १३७५। | | |
| | २५. तामा, पित्तल, आल्मुनियम, फलाम, जस्ता, धातुको उद्योग (घरेलु) | २०६३। | १३५०। | १३७५। | |
| | २६. जुत्ता तथा व्याग उद्योग | १३७५। | ९६३। | ६८८। | |
| | २७. चिया उद्योग प्याकेजिंग | ९६३। | ६८८। | | |
| | २८. सिलाई बुनाई उद्योग | | | | |
| | (क) तान राखी कपडा बुन्ने | २०७। | | | |
| | (ख) ज्याकेट बनाउने उद्योग | २०६३। | | | |
| | (ग) स्वेटर बुन्ने उद्योग | १३७५। | | | |
| | २९. प्याकेजिंग उद्योग सुर्ती, खैनी, चुना | ६८८। | ५५०। | | |
| | ३०. रिंग, डुड बनाउने | ४१३। | | | |
| | ३१. लोहोरो सिलौटो बनाउने | १३८। | | | |
| | ३२. सप्लाई एजेन्सी | २०६३। | १३७५। | | |
| | ३३. एग्रोभेट,कृषि मल,विउ,औजारतथा किटनासक औषधी | २०६३। | १३७५। | ११००। | |
| | ३४. बिमा सम्वन्धि एजेन्सी | १३७५। | ९६३। | | |
| | ३५. प्रेस बाहेक अन्य प्रिन्टिंग तथा लेबुल उद्योग | ९६३। | ६८८। | | |
| | ३७. जुट उद्योग | १३७५०। | ११०००। | | |
| | ३८. कुटानी, पिसानीका ठूला उद्योग | ११०००। | ६८७५। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३९. जुस, सस, अचारका ठूला उद्योग | ८२५०। | ५५००। | | |
| | ४०. सिमेण्ट पाइप तथा पोल उद्योग | १३७५। | ९६३। | ६८८। | |
| | ४१. खैनि उद्योग | २४७५। | १६५०। | | |
| | ४२. चुरोट विडी उद्योग | २४७५। | | | |
| | ४३. चिप्स उद्योग, घरेलु स्वेटर उद्योग, विट र वोर्ड उत्पादन गर्ने आदि उद्योगहरुलाईरु. | | | | क देखि ग सम्म श्रेणी को विभाजन गरी४९५। देखि १३७५। सम्म कर दिइने छ । |
| | ४४. दुग्ध डेरी उद्योग | ११०००। | ७५००। | | |
| ६४. | १. स्वदेशी रोजगार सेवा व्यवसाय | २०६३। | १७८८। | | |
| | २. बैदेशीक रोजगार सेवा व्यवसाय | ११०००। | ६८७५। | | |
| ६५. | बिक्रि (डिपो) डिलरको बिक्रि कक्ष वा सोरुम | | | | |
| | १. साइकल | १३७५। | | | |
| | २. रिक्सा | २०६३। | | | |
| | ३. मोटरसाइकल स्कुटर | १५०००। | ११००० । | | |
| | ४. अटो रिक्शा, टांगा, इ रिक्शा | ९१००। | ७०००। | | |
| | ५. कार, जीप भ्यान, टयाक्टर | २५०००। | २१००० । | | |
| | ६. बस, ट्रक | ३५०००। | २५०००। | | |
| | ७. ब्याट्री साईकल | ३४४०। | २७५०। | | |
| | ८. पावर टेलर | १७८८। | १६५०। | | |
| ६६ | लेमिनेशन | ६८८। | ५५०। | | |
| ६७ | तिर्थ यात्रि सेवा | १२४०। | ११००। | ९६३। | |
| ६८ | विस्कुट तथा पाउरोटि थोक तथा खुद्रा | ६८८। | ५५०।। | | |
| ६९ | कफि हाउस | ६८८। | ५५०। | | |
| ७० | कपडामा बुट्टा भरी बिक्री गर्ने बुटिक | ६८८। | ५५०। | | |
| ७१ | खेलौना पसल | ६८८। | ५५०। | | |
| ७२ | अटो रिक्शा, टांगा, इ रिक्शासामान विक्रि पसल | १३७५। | ११००। | | |
| ७३ | तयारी पोसाक(गार्मेन्ट) | २०६३। | | | |
| ७४ | श्रृगार सामान उत्पादन गर्ने | ६८८। | ५५०। | | |
| ७५ | कागज उद्योग | १३७५। | | | |
| ७६ | चकलेट उद्योग | ६८८। | ५५०। | | |
| ७७ | च्युरा मिल | २०६३। | १३७५। | | |
| ७८ | फलामको घरेलु सामान विक्री पसल | ६८८। | ५५०। | | |
| ७९ | खेलकुद सामाग्री विक्री पसल | ६८८। | ५५०। | | |
| ८० | केमिकल वर्क | ८२५। | ६८८। | ५५०। | |
| ८१ | लेखा परिक्षण फर्म | १३७५। | | | |
| ८२ | लेखा परिक्षक | ११००। | | | |
| ८३ | व्याग उद्योग फर्म | २०६३। | १३७५। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८४ | टायल मार्बल | ३४४०। | २७५०। | | |
| ८५ | रेडियो प्रसारण एफ.एम. | १३७५। | | | |
| ८६ | शैक्षीक परामर्श केन्द्र | २०६३। | | | |
| ८७ | साईवर क्याफे | १३७५। | | | |
| ८८ | जैविक पदार्थ विक्री कक्ष | १३७५। | | | |
| ८९ | दुर संचार प्रदायक संस्थाहरुको टावर | ११०००। | | | |
| ९० | जनरल सामान फोरन गुड्स | | | | |
| | क) वर्ग | २०६३। | | | |
| | ख) वर्ग | १६५०। | | | |
| | ग) वर्ग | ६८८। | | | |
| | घ) वर्ग | १८७५। | १५००। | | |
| ९१ | कृषि पशुपालन फर्म | १३४५। | १३७५। | | |
| ९२ | रेर्कडिङ्ग स्टुडियो | १५००। | | | |
| ९३ | इन्टरनेट प्रदायक संस्थाहरु वार्षिक | ११०००। | | | |
| ११. | बालुवा गिट्टी, ढुंगा प्रति ट्रक(२०० क्यु.फि.) को पटकै व्यवसाय कर | ६०। | | | |
| १२. | बालुवा गिट्टी, ढुंगा प्रति ट्र्याक्टर (१०० क्यु.फि.) को पटकै व्यवसाय कर | ३०। | | | |
| १३ | बालुवा गिट्टी, ढुंगा प्रति बैलगाडी पटकै व्यवसाय कर | १०। | | | |
| १४ | इट्टा प्रति हजार व्यवसाय कर | ५०। | | | |
| १५ | माटो प्रति ट्रक व्यवसाय कर | ४०। | | | |
| १६ | माटो प्रति ट्रेक्टर व्यवसाय कर | २०। | | | |

| **व्यवसायको नाम** | **क श्रेणी** | **ख श्रेणी** | **कैफियत** |
|---|---|---|---|
| १. कुखुरा काटी मासु विक्री गर्ने विक्रेता | १२४०। | ९६३। | |
| २. खसी काटी मासु विक्री गर्ने लाई | १३७५। | ११००। | |

नोट : प्रदेशबाट तोकी आएमा सोही बमोजिम हुने नतोके सम्म माथी उल्लेख बमोजिम हुनेछ।

द्रष्टव्य :

१. यसमा नपरेका नयाँ किसिमका पेशा र व्यवसायको प्रकृतीहेरी नगरपालिका बाट ३९६। देखी १६५००। सम्म कर निर्धारण हुने छ।

२. नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्ने ले व्यवसाय सुरु गर्नु भन्दा पुर्व व्यवसाय प्रमाण पत्र लिनु पर्ने छ। त्यसरी व्यवसाय प्रमाण पत्र नलिएकोमा व्यवसाय सुरु गरेको ३५ दिन भित्र व्यवसाय दर्ता गराई वार्षिक व्यवसायक कर बुझउनु पर्ने छ।

३ हकवालाको नाममा व्यवसाय प्रमाण पत्र नामसारी गर्दा रु ५०। दस्तुर लिइने छ।

४ व्यवसाय प्रमाण पत्रको लगत कट्टा मात्र गर्दा रु ५५। दस्तुर लिइनेछ।

५. पुर्व प्राथमिक विद्यालयलाई स्वीकृति दिदा रु ११००। दस्तुर लिइनेछ।

६. गैर नागरिकहरुले व्यवसाय गर्न चाहेमा डब्बल दस्तुर लिई इजाजत प्रमाण-पत्र दिईने छ।

७. गत वर्षको ठेक्का पट्टा आय असुल उपर गर्ने

८. पुस्कालयको आम्दानी

## अनुसूची ५

## जडिबुटी, कबाडी र जीवजन्तु करका क्षेत्र र दरहरुः

कवाडी व्यवसाय कर रु २५००।०० वार्षिक ।

## अनुसूची ६
## सवारी साधन करका क्षेत्र र दरहरु :

**सवारी दर्ता तथा वार्षिक सवारी कर :-**

| क.स. | सवारीको किसिम | वार्षिक कर | दर्ता शुल्क | नामसारी दस्तुर | पटकै |
|---|---|---|---|---|---|
| ८. | टांगा, रिक्शा, अटोरिक्सा, इरिक्शा समेत | ५००। | ५०। | ५०। | |

सवारी दर्ता तथा वार्षिक सवारी करको प्रमाण पत्र दस्तुर रु ५० लिई नगरपालिकाले उपलब्ध गराउने छ ।

## अनुसूची ७
## विज्ञापन करका क्षेत्र र दरहरु :

**विज्ञापन कर (विज्ञापन रेलिंग समेत):-**

स्थानीय स्वायत शासन एन नियमावली बमोजिम कुनैपनि उद्योग, संघ संस्था, व्यक्ती वा फर्मले नगरपालिकाको शहरी क्षेत्रभित्र कुनै विज्ञापनको साइनबोर्ड वा कुनै सांकेतिक बोर्ड राख्नु पर्दा नगरपालिकाको पुर्व स्वीकृती लिई तोकिएको दस्तुर तिरी त्यस्तो विज्ञापन गर्ने सायनबोर्ड वा सांकेतिक बोर्ड राख्नु पर्ने छ । विज्ञापन वा सांकेतिक बोर्ड कसैको घरमा लेख्ने वा राख्ने भएमा घर धनीले नगरपालिकासंग सम्पर्क गराइ लेख्ने वा राख्न लगाउनु पर्ने छ । नगरपालिकालाइ जानकारी नगराइ लेखिएको वा राखिएको विज्ञापनको कर घर धनीले नगरपालिकालाइ बुझाउनु पर्ने छ । यस पुर्व लेखिएको वा राखिएका विज्ञापनको समेत विज्ञापन कर लिइनेछ । कर नतिर्ने विज्ञापन बोर्ड नगरपालिकाले हटाउने छ ।

**विज्ञापन करको दररेट देहाय बमोजिम हुनेछ ।**

| | |
|---|---|
| १.होर्डिङ्ग बोर्ड, ग्लो साइन बोर्ड। प्रति वर्ग फुट | रु ६६। (वार्षिक) |
| २.DPSबोर्ड साइन बोर्ड, सांकेतिक बोर्ड प्रति वर्ग फुट | रु ४४। (वार्षिक) |
| ३.वाल पेन्ट प्रति वर्ग फुट | रु २६। (वार्षिक) |
| ४.व्यानर रोड व्यानर, पोल व्यानर कपडाको भएको प्रति मिटर | रु ५५। (वार्षिक) |
| ५.पोल बोर्ड, फेलेक्स को भए प्रति वर्ग फुट | रु ४४। (वार्षिक) |

६.तुल राख्ने इजाजत साप्ताहीक रुपमा अन्य इजाजत वार्षिक रुपमा दिएको छ ।

७.विदेशी संघ संस्था वा कम्पनी भए प्रति वर्ग फुट रु १०। दश थप लाग्ने छ ।

नोट : सामान्यतया मदिरा, धुम्रपान, खैनी जस्ता विज्ञापन राख्न दिइने छैन ।

## अनुसूची ८
## मनोरन्जन करका क्षेत्र र दरहरु :

**मनोरंजन कर :-**

१. नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरुबाट देहाय बमोजिम मनोरंजन कर लिइने छ ।

क) कुल सिट संख्याको ३५ प्रतिशत सिटलार्य पुरा सिट संख्या मानी प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको ३ प्रतिशतले हुने रकम ।

ख) मनोरंजनकर मासिक रुपमा असुल गरिने छ । पहिलो महिनाको मनोरंजनकर दोश्रो महिनाको २५ गते सम्म बुझाई सक्नु पर्ने छ । सो समय भित्र नबुझाएमा सो महिनाको मसान्त सम्म बुझाउनु पर्ने रकममा दैनिक रु १००। को ।१० पैशा ले हुने जरिवाना समेत बुझाउनु पर्ने छ । सो समय भित्र पनि नबुझएमा बुझाउनु पर्ने रकममा दैनिक ।२० पैशाका दरले जरिवाना

सहित थप १५ दिन सम्ममा बुझाउनु पर्ने छ। सो समयसम्म पनि रकम नबुझाएमा प्रचलित एन नियम बमोजिम नगरपालिकाले जुन सुकै समयमा हल स.चालनको कार्य बन्द गर्न सक्ने छ।

ग) नेपालमा बनेका चलचित्रहरुमा मनोरंजन कर लिइने छैन।

२. नगरपालिका क्षेत्र भित्र संचालित भिडियो हल , सांस्कृतिक प्रदर्शन हल आदिमा नगरपालिकाले तोके बमोजिम मनोरंजन कर लगाइने छ।

३.नगरपालिका क्षेत्र भित्र सञ्चालनमा रहेको केवल नेटवर्कहरुलाई वितरण क्षमता ग्राहक संख्याको आधारमा मासिक प्रति ग्राहक रु ५। का दरले मनोरन्जन कर लगाइने छ।

## अनुसूची ९
## बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु :

### बिटौरी दररेट

प्रति कठठा

| क श्रेणी | ख श्रेणी | ग श्रेणी |
|---|---|---|
| रु ५००।०० | रु ४००।०० | रु ३७५।०० |

नोटः दाखिला खारेजी दस्तुरः प्रति हजार रु ३।००

अंश बण्डा अदालतबाट बकस पत्र मालपोतबाट आएको नामसारी र मृत्यु भएको नामसारी र मृत्यु भएको नजीकको व्यक्तिले हक खाने वापत दस्तुर रु ६००।००

**कठघरा :** कठघरा राखे वापत प्रति वर्ग फिट रु ३।०० का दरले बार्षिक कर लाग्नेछ।

## अनुसूची १०
## पार्किङ्ग शुल्कका क्षेत्र र दरहरु :

**सवारी पार्किङ्ग तथा सरसफाई शुल्क**

नगरपालिका क्षेत्रभित्र नगरपालिकाले व्यवस्था गरेको र निर्माण गरेको पार्किङ्ग क्षेत्रमा पार्क हुने देहायका सवारी साधनहरुमा देहाय बमोजिम पार्किङ्ग शुल्क लिइने छ।

नगरपालिकाले व्यवस्था गरेको पार्किङ्ग स्थानमा :

| | | |
|---|---|---|
| क) | प्रदेश नं. २ हुने भाडाका बस ट्रकहरुमामम दैनिक | रु १०। |
| ख) | अन्य प्रदेशमा संचालनहुने भाडाका बस ट्रकहरुमा दैनिक | रु १५। |
| ग) | विदेशि बस ट्रक लहरीमा दैनिक | रु ७५। |
| घ) | विदेशि साना सवारी साधनमा दैनिक | रु २५। |
| ङ) | भाडाका टयाक्सी टेम्पो कारजिप भ्यानमा दैनिक | रु १०। |
| च) | निजी कार जिप टेम्पो भ्यानमा दैनिक | रु १०। |
| छ) | भाडा तथा निजी ट्रयाक्टर मिनीबस मिनी ट्रकमा दैनीक | रु १०। |
| ज) | टेम्पो, टांगा, रिक्शा अटो रिक्शा इरिक्शा | रु ५। |
| झ) | स्कुटर, मोटरसाइकल | रु ५। |
| ञ | साइकल | रु २। |

ट)पार्किङ्ग स्थान नगरपालिकाले तोके वा व्यवस्था गरे बमोजीम हुने छ।

नोट : बसपार्कमा राती पार्किङ्ग गरि वास वसाउने सबै किसिमका सवारी साधनहरुबाट प्रत्येक रातका लागी रु २० पार्किङ्ग शुल्क लिइनेछ।

## अनुसूची ११

## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफलायर र यज्ञिफटीङ्ग शुल्कका क्षेत्र र दरहरु :

## नगरपालिकाले तोके बमोजिम हुनेछ ।

# अनुसूची १२
